रामनगर गाउँपालिका
RAMNAGAR RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
रामनगर, सर्लाही
Ramnagar, Sarlahi
२०७३

पत्र संख्या : ०७५-७६

## मेसिनरी औजार सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७६/०१/१० गते)

१) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।
२) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस गाँउपालिका कार्यालयको नाममा खैर्वा बजार स्थित मेगा बैंक लि. रामनगर शाखामा रहेको धरौटी खाता नं. ०९८००१००१४१०४) मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।
३) दर्ता हुनआएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
४) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
५) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।
६) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
७) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित)तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।
८) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयको वेवसाइट www.ramnagarmun.gov.np र कार्यालय समय सम्म सम्पर्क गर्न सकिने छ ।

सर्म्पक न. ९८५४०३८९८९, ९८५४०३८०७४, ९८५४०३८१४७

| बोलपत्र/ठेक्का नं. | मेसिनरी औजारको नाम | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|
| ०५/२०७५/०७६ | सक्सन मेसिन (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ३,०००/- | स्वीकृत रकमको २ % |
| ०६/२०७५/०७६ | पानी ट्याङ्कर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ३,०००/- | स्वीकृत रकमको २ % |

..............................
**प्रमुख प्रशासकिय अधिकृत**
**प्रशान्त कुमार वर्मा**